## नेपाल तनहु जलविद्युत परियोजना

उजुरी SG/E/2020/02

उजुरी संयन्त्र - उजुरी संयन्त्र - उजुरी संयन्त्र - उजुरी संयन्त्र

# प्रारम्भिक मुल्यांकन प्रतिवेदन

16 अप्रिल 2020[1]

[1] 31 मार्च 2020 सम्मको जानकारी सहित

तयार पार्ने

**उजुरी संयन्त्र**

**बाह्य वितरण**
उजुरीकर्ता
तनहू हाइड्रोपावर लिमिटेड
एशियाई विकास बैंक, विशेष परियोजना सहयोगीको कार्यालय

**आन्तरिक वितरण**
EIB महासचिव
महानिरीक्षक
EIB सेवाहरूसंग सम्बन्धित

EIB उजुरी संयन्त्र

EIB उजुरी संयन्त्र जनतालाई EIB समूहले केही गल्ती गरेको जस्तो लागेको खण्डमा विवादहरूको वैकल्पिक र पूर्व सामयिक समाधानको लागि सक्षम गर्ने उपकरण प्रदान गर्ने उद्देश्यले तयार गरिएको छ, अर्थात् यदि जनताको सदस्यले EIB ले कुप्रशासनको कार्य गरेको ठान्यो भने यो संयन्त्र को प्रयोग गर्न सक्नेछन् । EIB बिरूद्ध उजुरी गर्ने अधिकारको अभ्यास गर्दा, कुनै पनि सदस्यलाई दुई स्तरीय प्रक्रिया, एक आन्तरिक – उजुरी संयन्त्र प्रभाग (EIB-CM) – र एक बाह्य – युरोपेली लोकपाल (EO) मा पहुँच हुन्छ ।

EIB-CM भन्दा अघिको प्रक्रियाको परिणाम वा EIB समूहको प्रतिक्रियासँग सन्तुष्ट नभएका उजुरीकर्ताहरुलाई EO सँग EIB विरुद्ध कुशासनको उजुरी गर्ने अधिकार छ।

1992 को मास्त्रिहित सन्धिले EO लाई सिर्जित गरि EU को संस्था बनाएको थियो जस समक्ष कुनै पनि EU नागरिक वा इकाईले कुनै पनि EU संस्था वा निकायको कुप्रशासनको आधारमा छानबिन गर्न अपील गर्न सक्छ । कुप्रशासन भनेको खराब वा असफल प्रशासन हो । यो तब हुन्छ जब EIB समूह जारी कानून र/ वा स्थापित नीति, मापदण्ड र प्रक्रियाहरू बमोजिम कार्य गर्न असफल हुन्छ, असल प्रशासनका सिद्धान्तहरूको सम्मान गर्न असफल हुन्छ वा मानवअधिकार उल्लंघन गर्दछ । EO द्वारा उद्धृत केही उदाहरणहरू प्रशासनिक अनियमितता, अन्याय, भेदभाव, शक्तिको दुरुपयोग, जवाफ दिन असफल, जानकारी प्रदान गर्न अस्वीकार , अनावश्यक ढिलाइ आदि हुन् । कुप्रशासन EIB समूहले गरेको गतिविधिहरूको वातावरण वा सामाजिक प्रभाव पार्ने, परियोजनाचक्रसँग सम्बन्धित नीतिहरू तथा EIB का अन्य लागूयोग्य नीतिहरूसँग पनि सम्बन्धित हुन सक्छन् ।

EIB उजुरी प्रक्रिया यसको नीति र प्रकृयाहरूसँग EIB द्वारा गैर-अनुपालनलाई मात्र सम्बोधन गर्ने नभई, परियोजनाहरूको कार्यान्वयन सन्दर्भमा जस्तै उजुरीकर्ताहरू द्वारा उठान गरिएका समस्या (हरू) को समाधान गर्न पनि प्रयास गर्दछ ।

उजुरी प्रक्रियाको सन्दर्भमा थप र विस्तृत जानकारीको लागि, कृपया हाम्रो वेबसाइट: https://www.eib.org/en/about/accountability/complaints/index.htm मा जानुहोस् ।

**प्रारम्भिक मुल्यांकन प्रतिवेदन**

EIB-CM को सिद्धान्तहरू, सन्दर्भ र कार्यविधिको नियमले बनाएको खाका अनुसार, प्रारम्भिक मूल्यांकन सत्य-तथ्य खोज्ने तर्फ उन्मुख छ र साधारणतया निम्नलिखित तर्फ लक्षित रहेको छ:

- उजुरीकर्ताहरूद्वारा उठान गरिएका चासोहरू प्रष्ट पार्न, उजुरीकर्ताहरूको स्थिति बुझ्न र परियोजनाका अन्य सरोकारवालाहरूको विचार अझ राम्ररी बुझ्न;
- उठेको चासोहरुको वैधता बुझ्न;
- परियोजना सरोकारवालाहरूले गुनासो अन्तर्गत मुद्दाहरूको समाधान कसरी खोज्छन् र खोज्न सक्छन् वा सक्दैनन् भनेर मूल्यांकन गर्न ;
- उजुरीकर्ताहरूले उठान गरेका मुद्दाहरू को समाधान गर्न EIB-CM द्वारा थप काम (अनुपालनको समीक्षा, सहजीकरण वा मध्यस्थता) को आवश्यक भएको वा नभएको निर्क्योल गर्ने ।

## विषयसूची

1 **उजुरी** ........ 6

2 **पृष्ठभूमि जानकारी** ........ 6

3 EIB-CM **द्वारा गरिएका कार्यहरु** ........ 8

4 **नियामक ढांचा** ........ 8

5 **प्रारम्भिक मुल्यांकन** ........ 10

6 **प्रस्तावित अगाडिको बाटो** ........ 13

## शब्दावली

ADB एशियाली विकास बैंक

CEMSOJ सामुदायिक सशक्तिकरण र सामाजिक न्याय नेटवर्क

CM उजुरी संयन्त्र

EIA वातावरणीय प्रभाव मूल्यांकन

EIB यूरोपेली लगानी बैंक

EMP पर्यावरण व्यवस्थापन योजना

EO यूरोपेली लोकपाल

ESMSP पर्यावरण र सामाजिक व्यवस्थापन सेवा प्रदायक

EU युरोपेली संघ

EUR यूरो

FPIC निःशुल्क, पूर्व र सूचित सहमति

IEE प्रारम्भिक वातावरणीय परीक्षण

INWOLAG आदिवासी महिला कानूनी जागरूकता समूह

LCF स्थानीय परामर्श फोरम

m मिलियन

MW मेगावाट

NEA नेपाल विद्युत प्राधिकरण

OSPF विशेष परियोजना सहयोगी ADB को कार्यालय

PAP परियोजना प्रभावित व्यक्ति

RIPP पुनर्वास र आदिवासी जनजाति योजना

sEIA पूरक वातावरणीय प्रभाव मूल्यांकन

SESAH प्रभावित परिवारको सामाजिक -आर्थिक सर्वेक्षण

THL तनहु हाइड्रोपावर लिमिटेड

UpRIPP अद्यावधिक पुनःस्थापना र आदिवासी जनजाति योजना

# प्रारम्भिक मुल्यांकन प्रतिवेदन

**उजुरीकर्ता**: **प्रत्यक्ष** रूपमा **डुबान प्रभावित जनताको सामूहिक अधिकार संरक्षण समिति**
**प्राप्त मिति**: 11 फेब्रुअरी 2020
**गोपनीयता अनुरोध गरिएको**: छैन

## 1 उजुरी [2]

1.1 11 फेब्रुअरी 2020 मा, प्रत्यक्ष रूपमा डुबान प्रभावित जनताको सामूहिक अधिकार संरक्षण समिति (उजुरीकर्ता) ले परियोजना प्रभावित परिवारहरुको एउटा समूहको प्रतिनिधित्व गर्दै EIB उजुरी संयन्त्र (EIB-CM) लाई पत्र पठाई EIB द्वारा अनुदानित नेपाल तनहुँ जलविद्युत परियोजना (परियोजना) संग सम्बन्धित चासो तथा चिन्ता समाधान गर्न मध्यस्थताको लागि अनुरोध गरे । मध्यस्थताको लागि अनुरोध गरिएका आरोपहरू तलको तालिका 1 मा उल्लेख गरिएको छ । उजुरीकर्ताहरुले आफ्नो उजुरी एसियाली विकास बैंक (ADB) को विशेष परियोजना सहयोगी (OSPF) को कार्यालयमा पनि पठाए । उजुरीकर्ताहरूले आदिवासी महिला कानूनी जागरूकता समूह (INWOLAG) र सामुदायिक सशक्तिकरण र सामाजिक न्याय नेटवर्क (CEMSOJ) लाई उनीहरूको सल्लाहकार र प्रतिनिधिहरूको रूपमा कार्य गर्न अधिकार दिए ।

*तालिका 1 – आरोपहरु*

उजुरीकर्ताहरु द्वारा उठाईएका आरोपहरु निम्नलिखित मुद्दाहरुको समूहहरु संग सम्बन्धित छन्:

1) पर्याप्त जानकारीको साझेदारी, अर्थपूर्ण परामर्श र सहभागिताको अभाव;
2) जमिनको अपूर्ण सर्वेक्षण र अपर्याप्त र भेदभावयुक्त क्षतिपूर्ति प्रक्रीया र रकम;
3) प्राकृतिक स्रोत र जीविकोपार्जन का साथै पैतृक जग्गामा उनीहरूको पहुँच, सांस्कृतिक सम्पदाहरु, र परम्परागत अभ्यासहरू (मगर आदिवासीहरूको) मा नकरात्मक प्रभाव — ती सबैलाई पर्याप्त ध्यानमा राखिएको थिएन ।

## 2 पृष्ठभूमि जानकारी

2.1 यस परियोजना[3] अन्तर्गत 140 मेगावाटको जलविद्युत योजनाको निर्माण र सञ्चालन र यसको राष्ट्रिय ग्रिडमा जोडिनु समावेश छन् । यो परियोजना सुख्खा जाडो महिनाहरूमा नेपालमा उच्चतम् बिजुलीको माग पूरा गर्न मद्दत गर्न र बर्षको बाँकीसमयको लागि बेसलोड प्लान्टको रूपमा सञ्चालन गर्न डिजाइन गरिएको हो । यस आयोजनाको उद्देश्य क्लिन उर्जाको माध्यमबाट महँगो जीवाश्म ईन्धनमा आधारित बिजुली उत्पादनको विकल्प प्रदान गर्ने र नेपालको बिजुली आपूर्ति प्रणालीलाई स्थिर बनाउन र प्रसारण घाटा घटाउन सहयोग गर्नु हो । उत्पादन गरिएको बिजुली भरतपुर सबस्टेशनमा 37 किमि ओभरहेड ट्रान्समिशन लाइन मार्फत खाली गरिनेछ । सम्बन्धित लाइनहरु र सबस्टेशनहरू (हाल अवस्थित भरतपुर सबस्टेशन बाहेक) परियोजनाको भाग हुन् । यस परियोजनामा स्थानीय गाउँहरूमा बिजुली पुर्याउन ग्रामीण विद्युतीकरणको कार्यक्रम पनि समावेश छ । त्यसैले यस परियोजनालाई तीन मुख्य घटकमा बाँड्न सकिन्छ: बाँध र जलाशय सहित जलविद्युत घटक, प्रसारण लाइन घटक, र ग्रामीण विद्युतीकरण घटक ।

---
[2] उजुरीको सार्वजनिक संस्करण EIB-CM को वेबसाइटमा प्रकाशित गरिएको छ: https://www.eib.org/en/about/accountability/complaints/cases/nepal-tenahu-hydropower-project-sg-e-2020-02.
[3] परियोजना को सार्वजनिक जानकारी उपलब्ध छ: https://www.eib.org/en/projects/pipelines/all/20120278.

2.2 यस ऋण को ऋणी संघीय लोकतान्त्रिक गणराज्य नेपाल हो, जसको प्रतिनिधित्व अर्थ मन्त्रालयले गरेको छ जबकि अन्तिम लाभार्थी तनहु हाइड्रोपावर लिमिटेड (THL)[4] हो । THL नेपाल विद्युत प्राधिकरणको 100% स्वामित्वमा 2012 मा स्थापना भएको हो ।

[4]http://thl.com.np.

2.3 यूरोपीयन लगानी बैंक (EIB) ले परियोजनाको लागि यूरो 62.3 मिलियन सम्मको लगानी ऋण प्रदान गर्दैछ । यो सञ्चालनलाई मार्च 2013 मा EIB बोर्डका निर्देशकहरूले अनुमोदन गरेको थियो ।[5] यो सञ्चालनलाई एशियाई विकास बैंक (ADB) द्वारा सह-वित्तपोषित गरिएको छ । ADB सँगै, EIB ले बाँध र स्पिलवे निर्माण कार्य लगायत पानी इनटेक सहितको निर्माण स्थल 1 लाई फाइनेन्स गर्दछ ।

2.4 THL लाई परियोजना कार्यान्वियन र संचालन को शुरुवाती बर्षहरुमा एक परियोजना समर्थन परामर्शदाता (लेमेहर इन्टरनेशनल) ले समर्थन गरेको छ । मे 2019 देखि, THL लाई GEOCE परामर्शदाता लिमिटेडको सहकार्यमा ELC इलेक्ट्रोकन्सल्ट नामको एक वातावरणीय र सामाजिक व्यवस्थापन सेवा प्रदायक (ESMSP) द्वारा थप सहयोग गरिएको छ ।[6] वातावरणीय र सामाजिक सुरक्षाको उपायहरुको बारेमा प्रमोटरलाई मार्गदर्शन प्रदान गर्न डिसेम्बर 2018 मा विज्ञहरूको एक प्यानेल नियुक्त गरियो । यसबाहेक, नोभेम्बर 2017 देखि, एक स्थानीय गैरसरकारी संस्थाले जग्गा अधिग्रहण र पुनर्स्थापना प्रक्रियाको व्यवस्थापनमा सरकार र THL लाई सहयोग गर्दैछ । EIB द्वारा मूल्यांकनको समयमा, यस परियोजनामा समुदायको जीविकोपार्जन र सामाजिक विकास अभिवृद्धि गर्नका लागि विशेष गरी महिला र आदिवासी मानिसहरू सहित कमजोर जोखिममा पर्ने समुदायका लागि सामुदायिक विकास कार्यक्रम समावेश गर्ने परिकल्पना गरिएको थियो ।

## 3 EIB-CM **द्वारा गरिएका कार्यहरु**

3.1 21 फेब्रुअरी 2020 मा EIB-CM ले गुनासो प्राप्त गरेको स्वीकार गर्यो र गुनासो स्वीकार्यताको पुष्टि गर्यो । उजुरीको स्वीकृति पछि, EIB-CM ले परियोजना, आरोपहरू र स्थानीय समुदायको अवस्था सम्बन्धी थप जानकारी प्राप्त गर्न परियोजनामा संलग्न EIB सेवाहरूसँग पहिलो बैठक आयोजना गर्यो ।

3.2 EIB-CM ले उजुरी र यसको पृष्ठभूमिमा छलफल गर्न र उजुरी सम्बोधन प्रक्रियाको लागि सहकार्य र समन्वयका सम्भावित तरिकाहरूबारे छलफल गर्न ADB को विशेष परियोजना सहयोगी (OSPF) को कार्यालयसँग पनि सम्पर्क गर्यो । यी समन्वय प्रयासहरूको एक हिस्साको रूपमा, OSPF ले EIB-CM लाई उसको समीक्षा र मूल्यांकन अभियानको हिस्साको रूपमा नेपालमा आयोजित प्रारम्भिक सरोकारवाला परामर्श कार्यक्रमको बारेमा सूचित गर्‍यो, जुन फेब्रुअरी 2020 को अन्त्य र मार्च 2020 को सुरुवातमा भएको थियो । यसबाहेक, EIB-CM ले मुख्य परियोजना कागजातहरूको समीक्षा गर्न शुरू गर्‍यो र सहयोगात्मक रुपमा समस्या समाधानको लागि अवसरहरूको मूल्यांकन गर्‍यो । COVID-19 को कारणले चलिरहेको विश्वव्यापी स्वास्थ्य संकटका कारण, EIB-CM ले अझै नेपाल भ्रमण गर्न सकेन ।

## 4 **नियामक ढांचा**

4.1 EIB-CM नीति[7] र प्रक्रियाहरू[8] EIB समूह( EIB-CM नीति को धारा 1.1) विरुद्ध दायर गरिएको कुप्रशासनको गुनासोमा लागू हुन्छ । EIB-CM नीतिको धारा 5.3.2 अनुसार EIB-CM ले उपयुक्त आन्तरिक र बाह्य सरोकारवालाहरुसँग सहकार्य गरेर सहमति प्रक्रियाबाट उजुरीकर्ताहरु द्वारा उठेका समस्याहरुको समाधान गर्ने प्रयास गर्दछ । EIB-CM नीतिको धारा 5.1.4 अनुसार EIB-CM, EIB समूहका सबै आन्तरिक र बाह्य सरोकारवालाहरूको हितको रक्षा गर्दै प्रत्येक उजूरीलाई निष्पक्षताको उच्चतम मापदण्ड अनुसारको व्यवहार सुनिश्चित गर्नका लागि सन्चालन गतिविधिहरुबाट स्वतन्त्र छ ।

4.2 EIB-CM नीति को धारा 6.2.4 ले तोकेको छ कि *"सम्भव भएसम्म, र उजुरीको प्रकारलाई ध्यान दिएर, EIB-CM ले एक सहकारितात्मक समाधान प्रक्रियाको स्थापना गर्दछ जुन विवादको समाधानका लागि निम्न प्रयासहरू गर्नेछ (i) अझ राम्रो र साझा समझदारिता प्राप्त गरेर; (ii) दलहरूबीच विश्वासको स्तर सुधार गरेर र (iii) आम सहमतिको समाधानको पहिचान गर्न खोज्दै।"* EIB-CM को मध्यस्थता कार्य EIB-CM भित्र स्वतन्त्र र निष्पक्ष कार्य को रूप मा यस्तो सहयोगीतात्मक समाधान प्रक्रिया को डिजाईन र संचालन को जिम्मेवार छ ।

---

[5] यो अपरेशनलाई सुरुमा EUR 53.8 मिलियन रकम अनुमोदित गरिएको थियो। 2014 मा, ऋण रकम EUR 62.3 मिलियन सम्म बढाइयो ।

[6] सेप्टेम्बर 2019 मा, ESMSP ले प्रारम्भिक रिपोर्ट जारी गर्‍यो ।

[7] https://www.eib.org/en/publications/complaints-mechanism-policy मा उपलब्ध छ।

[8] https://www.eib.org/en/publications/complaints-mechanism-procedures मा उपलब्ध छ।

4.3 यो परियोजना उपयुक्त EIB वातावरणीय र सामाजिक मापदण्डको आधारमा कार्यान्वयन गरिनेछ । यी लागू मानक मा EIB को पर्यावरण र सामाजिक सिद्धान्तहरु को विवरण (बयान)[9] र EIB को पर्यावरण र सामाजिक अभ्यासहरुको पुस्तिका 24 फेब्रुअरी 2010 को संस्करण (पुस्तिका) समावेश छन् । पछिल्लोले बयानमा उल्लेखित वातावरणीय र सामाजिक सिद्धान्तहरूलाई EIB का सेवाहरूले अनुसरण गर्ने गरि परिचालन अभ्यासमा रूपान्तरण गर्दछ । हाते पुस्तिकाले पाँच सामाजिक मूल्यांकन मार्गदर्शन नोटहरू समावेश गर्दछ जसमा अनैच्छिक पुनर्स्थापनासम्बन्धी मार्गदर्शन नोट 1, कमजोर समूहहरूको अधिकार र हितको बारेमा मार्गदर्शन नोट 2, र सार्वजनिक परामर्श र सहभागितामा मार्गदर्शन नोट 5 समावेश छन् ।

[9] https://www.eib.org/attachments/strategies/eib_statement_esps_en.pdf मा उपलब्ध छ।

**5 प्रारम्भिक मुल्यांकन**

5.1 उनीहरूको गुनासोमा, गुनासोकर्ताहरू स्पष्ट रूपमा निम्न परिणामहरू भन्छन् जुन उनीहरूले एक सुविधा प्रक्रियाको माध्यमबाट प्राप्त गर्न खोजेका छन्:

- उजुरीकर्ताहरु आदिवासी जनजातिहरुको स्वतन्त्र, पूर्व र सूचित सम्मति (FPIC) लाई सम्मान गर्न अनुरोध गर्दछन् । उनीहरुका प्रतिनिधिहरुलाई एफपीआईसी को प्रक्रियामा सम्मिलित गरिनेछ र विद्यमान आदिवासीहरुको संगठनहरुलाई परियोजनासंग सम्बन्धित परामर्शमा सम्मिलित गरिनेछ ।
- उजुरीकर्ताहरुको थप अनुरोध छ कि परियोजनाको सबै सूचनाहरु प्रभावित समुदायले बुझ्ने भाषामा प्रदान गर्नुपर्नेछ, जस्तो मगर भाषा ।
- उजूरीकर्ताहरुको समुदायमा परियोजनाको असर को अध्ययन लाई समावेश गर्न EIA लाई परिमार्जन गरिनु पर्नेछ । विशेष गरी, उजुरीकर्ताहरूका अनुसार EIA ले चरन जग्गामा पर्ने असर र चारा, दाउरा, जडिबुटी र वन तरकारीहरूमा पर्ने प्रभावलाई समाहित गर्नु पर्ने छ । उजुरीकर्ताहरुको अनुरोध छ कि यस्तो संशोधित EIA उनीहरूको समुदायको सहभागितामा ड्राफ्ट होस् । त्यस्तै, उजुरीकर्ताहरूले अनुरोध गर्दछन् कि सांस्कृतिक र साम्प्रदायिक सम्पदाहरूमा पर्ने प्रभावहरू जस्तै दाहसंस्कार स्थल, विश्राम गृहहरू, मन्दिरहरू, र जल स्रोतहरू, समुदायको सहभागितामा अध्ययन गरियोस् । सर्वेक्षणमा संशोधन गरी परिर्वतन भएको जग्गासमेत समावेश गरिनेछ ।
- EIA र सर्वेक्षणको पुनरावलोकनमा संलग्नता बाहेक उजुरी कर्ताहरुले उनीहरुको समुदायलाई स्थानीय परामर्श फोरम (LCFs) मा प्रतिनिधित्व गराउन अनुरोध गर्दछ ।
- उजुरीकर्ताहरूले प्रभावित परिवारका लागि निःशुल्क बिजुली वितरण र निःशुल्क THL सेयरका साथै परियोजना प्रभावित व्यक्तिहरू (PAPs) का लागि परियोजनाले प्रदान गरेको रोजगारका लागि समेत थप अनुरोध गर्दछन् ।
- अन्त्यमा, उजुरीकर्ताहरूले प्रभावित भूमिमा रहेको परिवारका लागि 'जग्गाका लागि जग्गा' र 'घरको लागि घर' को रूपमा क्षतिपूर्तिको माग व्यक्त गर्दछन् ।

5.2 ठूला स्तरका पूर्वाधार योजनाहरूको लागि प्रथागत रुपमा र आयोजनाका विभिन्न ऋणदाताहरूको वातावरणीय र सामाजिक सुरक्षाको अनुपालन सुनिश्चित गर्नको लागि, यस परियोजनाको लागि धेरै विस्तृत अध्ययनहरू तयार गरिएको थियो । जलविद्युत् आयोजनाको EIA, EIB सेवाहरूले आयोजनाको मूल्यांकन गर्नु अघि अगस्त 2009[10] मा सम्पन्न भएको थियो । EIA को एक परिशिष्ट 2012 मा तयार गरिएको थियो र 2017 मा पूरक EIA (sEIA) तैयार गरिएको थियो । EIA र यसका दुई संशोधनहरूको आधारमा, THL ले जुलाई 2018 मा जलविद्युत् घटकको लागि एक एकीकृत वातावरणीय व्यवस्थापन योजना (EMP) तयार गर्यो ।[11] जलविद्युत् आयोजनाको EIA बाहेक दुई प्रारम्भिक वातावरणीय परीक्षणहरू (IEE) - परियोजनाको प्रसारण लाइन घटक (June 2010)[12] र ग्रामीण विद्युतीकरण घटक (August 2012)[13] मा सम्पन्न भए ।

5.3 संयुक्त पुनर्वास र आदिवासी जन योजना (RIPP) को डिसेम्बर 2012 मा THL द्वारा मस्यौदा तयार गरिएको थियो । नोभेम्बर 2018[14] मा हाइड्रोपावर घटकको लागि (अद्यावधिक पुनःस्थापना र आदिवासी जनजाति योजना – UpRIPP) कागजात अपडेट गरिएको थियो र प्रसारण लाइन घटक र ग्रामीण विद्युतीकरण घटकका RIPP हरूको लागि छुट्टै अद्यावधिकहरू तयारी भइरहेको छन् । UpRIPP ले प्रभावित परिवार को संशोधित सामाजिक-आर्थिक सर्वेक्षण (SESAH) समावेश गर्दछ । सर्वेक्षणका अनुसार तजभचभ 547 प्रभावित घरपरिवार छन् जसमध्ये 475 प्रभावित परिवारको मे 2017 र जनवरी 2018 का बीचमा सर्वेक्षण गरिएको थियो । सर्वेक्षण गरिएको 475 प्रभावित घरपरिवार मध्ये 396 (83%) लाई कमजोर मानिन्छ र 346 (73%) आदिवासी घरपरिवार हुन् । EIB-CM को बुझाइमा, उजुरीकर्ताहरू र उनीहरूको जग्गा

---

[10] EIB को प्रोजेक्ट साइटमा कागजात उपलब्ध छ, फुटनोट 3 मा लिंक हेर्नुहोस्

[11] http://thl.com.np/images/supportive_docs/Consolidated-EMP--(Draft).pdf मा उपलब्ध छ।

[12] EIB को प्रोजेक्ट साइटमा कागजात उपलब्ध छ, फुटनोट 3 मा लिंक हेर्नुहोस् । प्रसारण लाइनको लागि IEE २०१०, हाइड्रोपावर कम्पोनेन्टको लागि अद्यावधिक गरिएको EIA 2012 सँग अद्यावधिक गरिएको थियो।

[13] EIB को प्रोजेक्ट साइटमा कागजात उपलब्ध छ, फुटनोट 3 मा लिंक हेर्नुहोस् ।

[14] https://www.adb.org/projects/documents/nep-43281-013-remdp मा उपलब्ध छ।

परियोजनाको जलविद्युत घटकबाट प्रभावित हुनेछन् । प्रारम्भिक मूल्यांकनको क्रममा, EIB-CM ले उजूरीकर्ताहरूको समुदाय[15] 2017/2018 को UpRIPP मा आधारित सर्वेक्षण को हिस्सा हुन वा होइनन् भन्ने स्थपित गर्न सकेन ।

5.4 उजुरीकर्ताहरूले आफूलाई आदिवासी मगरको रूपमा पहिचान गर्दछन् । आदिवासी जनजातिहरूको विकासको लागि राष्ट्रिय फाउन्डेसनले मगरलाई विपन्न आदिवासी जनजाति समूहको रूपमा वर्गीकृत गरेको छ । UpRIPP का अनुसार, मगर समुदायले प्रभावित आदिवासी परिवारहरूको सबैभन्दा ठूलो समूह प्रतिनिधित्व गर्दछ । UpRIPP अगाडि भन्छ "*SESAH* ले पुष्टि गरेको छ कि यस परियोजनाको परिणामस्वरूप प्रभावित भूमिमा परम्परागत भूमि वा कुनै पनि जनजाति समुदायको पैतृक डोमेन सम्मिलित छैन । *SESAH*[16] *ले यो पनि पुष्टि गर्यो कि परियोजना को प्रभाव कोरेडोर मा, जनजातिहरु*[17] *द्वारा परम्परागत रूपमा पवित्र मानिने कुनै पनि धार्मिक स्थल, मन्दिर वा अन्य धार्मिक संरचना वा स्थानहरु, परियोजना को परिणाम स्वरुप प्रभावित हुने छैनन्। थप, कुनै विशेष जंगली भूमि वा जलश्रोतहरु मगरहरुको अनुष्ठान, पुर्खाहरू वा तिनीहरूका आध्यात्मिक क्षेत्रहरूसँग जोडिएको छैन।*" उही समयमा, EMP ले निर्माण चरणको अवधिमा दाहसंस्कार स्थलहरूको अवरोध र धार्मिक, ऐतिहासिक र पुरातात्विक सम्पदाहरूमा पर्ने प्रभाव उल्लेख गर्दछ । OSPF ले गरेको सरोकारवालाहरु सितको प्रारम्भिक परामर्शका क्रममा उजुरीकर्ता र तिनका प्रतिनिधिहरूले पूर्जा नभएको परम्परागत भूमि, पैतृक सम्पत्तिको र धार्मिक स्थलमा पर्ने प्रभाव सम्बन्धी मुद्दाहरूको मान्यता नदिएको बारे आवाज उठाएका थिए ।

5.5 उल्लेखित अध्ययनहरू EIB वित्तीय सम्झौताको आवश्यकताको आधारमा सबै अंग्रेजीमा तयार गरिएका छन् । UpRIPP ले उल्लेख गरेको छ कि 2012 बाट योग्यता म्याट्रिक्स र मस्यौदा RIPP नेपालीमा उपलब्ध छन् र UpRIPP पनि नेपालीमा उपलब्ध गराइनेछ । विशेषज्ञहरूको प्यानलको पहिलो प्रतिवेदनबाट, EIB-CM ले थाहा पायो कि सार्वजनिक जानकारी पुस्तिका जसले परियोजनाको सारांश प्रस्तुत गर्दछ, जग्गा अधिग्रहण र अनैच्छिक पुनर्वास प्रभावहरू र UpRIPP का प्रावधानहरु नेपालीमा उपलब्ध छन् । प्रारम्भिक मूल्यांकनको क्रममा EIB-CM ले कुन कागजातहरू मगर भाषामा प्रकाशित छन् वा गर्ने बारे पहिचान गर्न सकेन। उजुरीकर्ताहरू आफैंले भनेअनुसार उनीहरूले 2 अप्रिल 2019 मा मगर भाषामा RIPP[18] को एक प्रति प्राप्त गरे, तर सो सही लिपिमा भने लेखिएको थिएन ।[19]

5.6 EIB-CM बुझ्दछ कि उजुरीकर्ताहरु द्वारा उल्लेख गरिएको LCFs (स्थानीय परामर्श फोरम) परियोजना-स्तर को गुनासो समाधान संयन्त्र को रूप मा कार्य गर्दछ । UpRIPP का अनुसार चारवटा LCF स्थापना गरिएका छन् र प्रत्येक LCF मा प्रभावित परिवारका दुई व्यक्ति छन् । LCFs को साथसाथै UpRIPP ले परियोजना प्रभावित व्यक्तिहरूको प्रतिनिधित्व गर्ने दुई समितिको पनि उल्लेख गरेको छ, जसको नाम "जलविद्युत् प्रत्यक्ष प्रभावित क्षेत्र सम्बन्धित समिति" र "प्रत्यक्ष सम्बन्धित जलाशय क्षेत्र संरक्षण समिति" हुन् । EIB-CM ले UpRIPP बाट थप जानकारी पाए कि दुबै समितिले विगतमा जग्गाको क्षतिपूर्ति दरको बारेमा चिन्ता व्यक्त गरेका थिए । UpRIPP का अनुसार दुबै कमिटीसँग सम्झौता भएको थियो । उजूरीकर्ता समुदायको दुई मध्ये कुनै एक समिति र/ वा LCFs मा प्रतिनिधित्व भएको EIB-CM ले स्थापना गर्न सकेन ।

5.7 क्षतिपूर्तिको सन्दर्भमा, UpRIPP दावी गर्दछ कि क्षतिपूर्ति दर क्षतिपूर्ति निर्धारण समिति (CDC) द्वारा निर्धारण गरिन्छ, जुन प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा हुन्छ । टीएचएलले तयार पारेको जुलाई-डिसेम्बर 2019 को वातावरणीय सेफगार्ड्स मोनिटरिंग रिपोर्टका अनुसार प्रभावित परिवारका 90 प्रतिशतले उनीहरूको क्षतिपूर्ति रकम पाइसकेका छन् । OSPF ले गरेको सरोकारवालाको प्रारम्भिक परामर्शमा उजुरीकर्ता र तिनका प्रतिनिधिहरूले क्षतिपूर्ति सम्बन्धी विभिन्न चिन्ताको विषय दोहोर्याए: क्षतिपूर्ति दर निर्धारणको प्रक्रिया र विधि अनुचित थियो; प्रस्ताव गरिएको क्षतिपूर्ति रकम नयाँ जग्गा खरीद गर्न पर्याप्त थिएन; केही अवस्थाहरूमा, सर्वेक्षण र क्षतिपूर्ति प्रक्रियामा प्रभावित भूमि या त समावेश गरिएको थिएन वा आंशिक रूपमा मात्र समावेश गरिएको थियो ।

5.8 2015 मा नेपालमा आएको भूकम्प र सिभिल कार्यको लागि खटाइएको पहिलो ठेकेदारको ठेक्का रद्द गरिएकाले यो परियोजनामा उल्लेखनीय ढिलाइ भएको कुरा प्रारम्भिक मूल्यांकनको क्रममा EIB-CM ले थाहा पायो । परियोजनाको समाप्ति मिति - शुरुमा 2020

[15] OSPF का अनुसार उजुरीकर्ताको समुदायमा 32 प्रभावित परिवारहरू छन्।

[16] प्रभावित परिवारहरूको सामाजिक-आर्थिक सर्वेक्षण।

[17] नेपालमा आदिवासी जनताहरु आदिवासी जनजाति भनेर चिनिन्छन्।

[18] EIB-CM ले यो UpRIPP भएको मान्दछ।

[19] EIB-CM ले मगरका तीन मुख्य भाषाहरू छन् भनेर बुझ्दछ। EIB-CM र OSPF ले प्रक्रियाको बखत यस विषयलाई अझ प्रस्ट पार्नेछ।

अन्तमा अनुमानित - हाल डिसेम्बर 2024 हुने आशा गरिएको छ । महत्वपूर्ण ढिलाइको परिणाम स्वरुप, जुन सम्बन्धित सरोकारवालाहरूको नियन्त्रण बाहिरको देखिन्छ, अध्ययनहरू कहिलेकाँही संशोधित गर्नुपर्‍यो र थुप्रै पटक अद्यावधिक गर्नुपर्‍यो जसले गर्दा विभिन्न कागजातहरुले अलग अलग समयका डाटाहरुको संग्रह बन्न पुग्यो ।

5.9 प्रारम्भिक मूल्यांकनबाट, EIB-CM ले THL र NEA द्वारा वर्णन गरिएका उपाय र अध्ययन बीच सम्भावित असंगति देखेको छ । उदाहरणको लागि UpRIPP मा र उजुरीकर्ताहरूको आरोपमा, जस्तै: परामर्श र सहभागिताको सम्बन्धमा ।

5.10 1.1 अन्तर्गत उल्लेख गरिए अनुसार ADB को OSPF ले 12 फेब्रुअरी 2020 मा उही उजुरी प्राप्त गर्यो । गुनासो 18 फेब्रुअरी 2020 मा स्वीकार गरी दर्ता गरीएको थियो र 20 फेब्रुअरी 2020 मा योग्य पाइएको थियो ।.[20] OSPF ले EIB-CM लाई जानकारी दियो कि OSPF ले गरेको सरोकारवालाको प्रारम्भिक परामर्शका क्रममा THL ले सहजता प्रक्रियामा संलग्न हुन खुला रहेको जनाएको छ।

[20]सोही समितिले अगस्त 2018 मा OSPF लाई यस्तै उजुरी पेश गरेको थियो । 2018 मा OSPF ले OSPF मा उजूरी पेश गर्नु अघि दलहरूले मिलेर समस्या सुल्झाउने प्रयास गरेका थिएनन् भन्ने तथ्य प्राप्त गरेपछि उक्त उजूरी लाई अयोग्य घोषित गर्‍यो । 2020 मा पेश गरिएको उजूरीमा, उजुरीकर्ताहरूले उनीहरूले उजूरी सुल्झाउनको लागि विगतमा गरेका प्रयासहरू बारे विस्तृत वर्णन गरेका छन्।

## 6 प्रस्तावित अगाडिको बाटो

6.1 यस समयमा उपलब्ध जानकारीहरुबाट यस्तो देखिन्छ कि उठाइएका बुँदाहरू उजूरीकर्ता र प्रोमोटर बीच सहयोगात्मक समाधान प्रक्रियाको लागि उपयुक्त छन् जुन EIB-CM र OSPF द्वारा सहजीकरण गरिनेछ। सहयोगातात्मक समाधान प्रक्रिया उठेका मुद्दाहरूको प्रतिक्रियामा पारस्परिकरुपमा स्वीकृत र दिगो समाधानहरू खोज्ने क्रममा अग्रगामी प्रकृतिको हुन्छ ।

6.2 त्यस्ता सहयोगीतात्मक समाधान प्रक्रियाले विभिन्न रूपहरू लिन सक्दछ र सही प्रक्रिया र कार्यक्षेत्र EIB-CM को मध्यस्थता कार्यद्वारा थप निर्धारित गरिनेछ । यो कार्य सहयोगीतात्मक समाधान प्रक्रियामा संलग्न हुने उजूरीकर्ता र प्रोमोटर दुबैको सैद्धान्तिक सहमति अनुसार सबै सरोकारवालाहरु संगको एकाग्रतामा हुनेछ ।

6.3 कुनै पनि EIB परियोजना जसमा अन्य अन्तर्राष्ट्रिय लगानीकर्ता संस्थानहरू संलग्न छन् जसको स्वतन्त्र जवाफदेही संयन्त्र छ, यस्ता परियोजना मा उजुरी आइपरेमा EIB-CM ले EIB-CM नीतिको धारा 7.1 बमोजिम त्यो संयन्त्रसँग सहकार्य गर्न प्रयास गर्दछ । OSPF, ADB को जवाफदेही संयन्त्रको एक हिस्सा हो । EIB-CM को दृष्टिकोणमा, दुई संयन्त्रहरू बीचको घनिष्ठ सहयोग फाइदाजनक छ किनकि यसले समन्वय सृजना गर्दछ र यसमा संलग्न सबै सरोकारवालाहरूका दोहोरा आवश्यकताहरू र प्रक्रियाहरू हटाउँछ। संलग्न पार्टीहरू द्वारा सहयोगीतात्मक समाधान प्रक्रियामा सैद्धान्तिक सहमति पश्चात, EIB-CM ले OSPF सँग सहकार्यका सटीक सर्तहरू र अगाडि बढ्ने बाटोमा सहमति जनाउनेछ ।

6.4 यो प्रतिवेदन पेश गरेपछि, उजुरीकर्ता र प्रोमोटरलाई सहयोगीतात्मक समाधान प्रक्रियामा संलग्न हुने आफ्नो इच्छुकता सैद्धान्तिक रुपमा पुष्टि गर्न अनुरोध गरिएको छ । उजुरीकर्ता र प्रोमोटरबाट सुनेपछि, EIB-CM ले सहयोगीतात्मक समाधान प्रक्रिया शुरू गर्ने सहमति छ कि छैन, वा त्यस्तो सम्झौताको अभावमा, उजूरी मुद्दाका आरोपहरूको अनुपालन समीक्षा जारी राख्ने कि नराख्ने भन्ने कुराको निष्कर्ष निकाल्नेछ ।